नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार विकास सहयोग एसडिसि

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**मिति २०७६।११।०३ मा प्रथम पटक प्रकाशित**

सुरक्षित आप्रवासन परियोजना (सामी), नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको द्विपक्षिय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा सञ्चालित छ। परियोजनाको लागि हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। यस परियोजना अन्तर्गत कपिलवस्तु जिल्लामा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्न तथा यस जिल्लाका सिद्धार्थनगर नगरपालिका, बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका र कञ्चन गाउँपालिकामा समुदायिक सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका तपसीलका स्थानीय तहहरुलाई निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदहरुका लागि दरखास्त आह्वान गरिएको छ।

| विज्ञापन नं. र पद | सिद्धार्थनगर नगरपालिका (कार्यक्षेत्र र पद संख्या) | बुटलवल उप-महानगरपालिका (कार्यक्षेत्र र पद संख्या) | तिलोत्तमा नगरपालिका (कार्यक्षेत्र र पद संख्या) | कञ्चन गाउँपालिका (कार्यक्षेत्र र पद संख्या) | न्युनतम शैक्षिक योग्यता तथा अनुभव |
|---|---|---|---|---|---|
| विज्ञापन नं.०१-०७६।०७७<br>कार्यक्रम संयोजक | संख्याः १ जना<br><br>सामी परियोजना सञ्चालन भएको स्थानीय तहहरु | | | | मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानून वा सम्वन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको विकास सम्बन्धी कार्यानुभव, कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको स्थानीयलाई प्राथमिकता दिईनेछ।<br>सम्वन्धित सरोकारवालाहरुसंग राम्रो समन्वय गर्न सक्ने, तालिममा सहजीकरण गर्ने सीप कम्प्युटर सफ्टवेयरहरु (MS word, Excel, Power point) को दक्षता भएको साथै इमेल, इन्टरनेट चलाउन सक्ने, स्थानीय भाषा बुझ्ने र बुझाउन सक्ने हुनुका साथै नेपाली तथा अंग्रेजी भाषामा प्रतिवेदन लेख्ने सीप भएको उम्मेदवारलाई प्राथमिकता दिईने छ। |
| विज्ञापन नं.०२-०७६।०७७<br><br>लेखा तथा प्रशासन अधिकृत | संख्याः १ जना<br><br>सामी परियोजना सञ्चालन भएको स्थानीय तहहरु | | | | व्यवस्थापन वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी सम्वन्धित विषयमा कम्तीमा ३ वर्षको कार्यानुभव।<br><br>नेपाल सरकारको लेखा प्रणालीमा कम्तिमा ३ बर्ष काम गरेको अनुभव। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कम्प्युटर सफ्टवेयरहरु (MS word, Excel, Power point) को दक्षता भएको साथै इमेल, इन्टरनेट चलाउन जानेको । |
| विज्ञापन नं.०३-०७६।०७७<br><br>आप्रवासी श्रोत केन्द्र सूचना तथा परामर्शकर्ता | संख्याः २ जना (१ जना महिला र १ जना पुरुष)<br><br>आप्रवासी श्रोत केन्द्र संचालन भएको ठाउँ | | | | न्युनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उतिर्ण गरेको हुनु पर्ने छ । परामर्श कार्यमा वा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा ३ वर्षको कार्यानुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको तथा जिल्लामा चलन चल्तिको स्थानिय भाषा जानेको, कम्प्युटर सफ्टवेयरहरु (MS word, Excel, Power point) दक्षता भएको साथै इमेल, इन्टरनेट चलाउन जानेको । |
| विज्ञापन नं.०४-०७६।०७७<br>पदः मनोसामाजिक कार्यकर्ता<br><br>(महिलाहरुको लागि मात्र) | संख्याः १ जना | संख्याः १ जना | संख्याः १ जना | संख्याः १ जना | न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण गरेको हुनु पर्ने छ ।<br>मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्बन्धि आधारभूत तालिम लिएको वा परामर्श सम्बन्धि १ वर्षको अनुभव रहेको र सुरक्षित बैदेशिक रोजगारिको क्षेत्रमा काम गरेको उम्मेदवारलाई प्राथमिकता दिईने छ । |
| विज्ञापन नं.०५-०७६।०७७<br><br>पदः वित्तिय साक्षरता सहजकर्ता<br><br>(महिलाहरुको लागि मात्र) | संख्याः १ जना | संख्याः १ जना | संख्याः १ जना | संख्याः १ जना | न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण गरेको हुनु पर्ने छ ।<br>वित्तिय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको, सुरक्षित बैंदेशिक रोजगारीको क्षेत्रमा काम गरेको उम्मेदवारलाई प्राथमिकता दिइने छ । |
| विज्ञापन नं.०६-०७६।०७७<br><br>पदः रिटर्नी स्वयंसेवक | संख्याः ३ जना | संख्याः ३ जना | संख्याः ३ जना | संख्याः ३ जना | न्यूनतम कक्षा ८ पास गरि बैदेशिक रोजगार (खाडि मुलुक वा मलेशियामा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको, सुरक्षित बैदेशिक रोजगारिको क्षेत्रमा काम गरेको । सम्बन्धित स्थानीय तहको महिला उम्मेदवारलाई प्राथमिकता दिईने । |

**कार्य अवधिः** हाललाई आषाढ २०७६ सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

**परिक्षाको किसिम :**
विज्ञापन नं.१ देखि ५ को हकमा कम्प्युटर र विषयगत प्रयोगात्मक परीक्षा र अन्तरवार्ता एवम् विज्ञापन नं.६ को हकमा अन्तरवार्ता मात्र ।

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले प्रमाणित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित आवेदन दिने सम्बन्धित स्थानीय तहहरु (सिद्धार्थनगर नगरपालिका, बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका र कञ्चन गाउँपालिका)मा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रिया**

प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ । साथै सबै विज्ञापनका हकमा सम्बन्धित स्थानीय तहको उम्मेदवारलाई विशेष प्राथमिकता दिईने छ ।

**दरखास्त दिने अन्तिम मिति :** २०७६।११।१८ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

बुटवल उममहानगरपालिका
सिद्धार्थनगर नगरपालिका
तिलोत्तमा नगरपालिका
कञ्चन गाउँपालिका

HELVETAS NEPAL

SaMi Safer Migration Project

**विस्तृत जानकारीको लागि सम्पर्क ठेगाना**
**संयोजक**
**संयुक्त स्थानीय तह कर्मचारी छनौट समिति**